स्थानीय सरकार

# मैवाखोला गाउँपालिका

## गाउँसभाको सचिवालय

साँघु, ताप्लेजुङ

प्रदेश न १, नेपाल

पत्र सं.-०८२/८३
चलानी नं.- ६८८

मितिः २०८२।१०।२३
ने.सं.११४६ सिल्लागा पञ्चमी

विषयः गाउँ सभाको १८ औँ अधिवेशनको निर्णयहरू सार्वजनिक गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा गाउँसभाको १८ औँ हिउँदे अधिवेशन मिति २०८२।१०।१७ र १८ गते सञ्चालन भई जम्मा २ वटा बैठक बसेको हुनाले उक्त बैठकका निर्णयहरू सार्वजनिक गरिएको छ ।

लक्ष्मीमाया गोस्देन
प्र.प्र. अ
मैवाखोला गाउँपालिका साँघु, ताप्लेजुङ

स्थानीय सरकार
मैवाखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
साँघु,ताप्लेजुङ
स्था:२०७३

गाउँसभाको १८ औं हिउँदे अधिवेशनको पहिलो र दोस्रो बैठकको निर्णयहरू

(मितिः २०८२ माघ १७ गते)

बैठक संख्याः ०१ समयः १४:०५ बजे

बैठकको कार्यसूचीः

१. बैठक प्रारम्भ, कार्यसूची वाचन,
२. शुभकामना मन्तव्य,
३. शून्य समयको प्रयोग,
४. कानुन तर्जुमा तथा मस्यौदा समितिद्वारा निर्माण भएका र कार्यपालिकाको बैठकबाट स्वीकृत भएका विभिन्न विषयसँग सम्बन्धित तपशीलका ४ वटा विधेयक र २ वटा कार्यविधि सभा समक्ष पेश र विधायन समितिमा सैद्धान्तिक छलफलमा पठाउने,

तपशील

क) **मैवाखोला गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२** सभा समक्ष प्रस्तुत र सैद्धान्तिक पक्षमा छलफल,
ख) **सहकारी सम्बन्धी ऐन,२०७५ पहिलो संशोधन विधेयक,२०८२** सभा समक्ष प्रस्तुत र सैद्धान्तिक पक्षमा छलफल,
ग) **मैवाखोला गाउँपालिकाको सार्वजनिक-निजी-साझेदारी तथा लगानी विधेयक, २०८२** सभा समक्ष प्रस्तुत र सैद्धान्तिक पक्षमा छलफल,
घ) **मैवाखोला गाउँपालिका बेरुजु फर्स्यौट कार्यविधि, २०८२** सभा समक्ष प्रस्तुत र सैद्धान्तिक पक्षमा छलफल,
ङ) **अर्थ तथा सार्वजनिक लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२** सभा समक्ष प्रस्तुत र सैद्धान्तिक पक्षमा छलफल,
च) **मैवाखोला गाउँपालिकाको आर्थिक ऐन २०८२ पहिलो संशोधन विधेयक, २०८२** लाई सभा समक्ष प्रस्तुत र छलफल।

५. अनुगमन समितिको आ.व.२०८१\०८२ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत,
६. न्यायिक समितिको आ.व.२०८१\०८२ वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत,
७. बैठक स्थगन।

निर्णयहरुः

१. अध्यक्षज्यू मार्फत् पहिलो बैठकको कार्यसूची वाचन गरी बैठकको प्रारम्भ भयो।

२. सभाका सदस्यज्यूहरू क्रमशः श्री चन्द्रकुमार तामाङ, श्री खगेन्द्र थक्लुङ र श्री राजुमानबाट १८ औं अधिवेशनको शुभकामना मन्यव्य प्रस्तुत भयो।

३. कार्यसूचीको तेस्रो नम्बरमा रहेको समसामायिक विषयमा छलफल गर्ने प्रक्रिया ( शून्य समयको प्रयोग) मा सदस्यहरू श्री चन्द्रमान लिम्बु, श्री रामकुमार चोङवाङ र श्री मिङ्मा शेर्पाज्यूले आफ्नो भनाई राख्नु भयो।

४. कार्यसूचीको चौथो नम्बरमा रहेको कानून तर्जुमा तथा मस्यौदा समितिद्वारा निर्माण भएका र कार्यपालिकाको बैठकबाट स्वीकृत भएका विभिन्न विषयसँग सम्बन्धित तपशिल बमोजिमका ४ वटा विधेयक र २ वटा कार्यविधि सभामा पेश भई दफावार छलफलका लागि विधायन समितिमा पठाउने सर्वसम्मतले निर्णय गरियो।

तपशिलः

क. सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री केशर लिम्बुज्यूद्वारा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२,

ख. आर्थिक विकास समितिका संयोजक श्री नरेन्द्र लिम्बुज्यूद्वारा सहकारी सम्बन्धी ऐन, २०७५ पहिलो संशोधन विधेयक, २०८२,

ग. आर्थिक विकास समितिका संयोजक श्री नरेन्द्र लिम्बुज्यूद्वारा मैवाखोला गाउँपालिकाको सार्वजनिक-निजी-साझेदारी तथा लगानी विधेयक, २०८२,

घ. सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री केशर लिम्बुज्यूद्वारा मैवाखोला गाउँपालिकाको बेरुजु फर्स्यौट सम्बन्धी कार्यविधि, २०८२,

ङ. सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री केशर लिम्बुज्यूद्वारा अर्थ तथा सार्वजनिक लेखा समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, २०८२,

च. राजस्व परार्मश समितिका संयोजक श्री कमल कुमारी लिम्बुज्यूद्धारा मैवाखोला गाउँपालिकाको आर्थिक ऐन, २०८२ संशोधन विधेयक,

छ. अनुगमन समितिको संयोजक श्री कमल कुमारी लिम्बुज्यूद्धारा आ.व. २०८१/०८२ को अनुगमन समितिको वार्षिक प्रतिवेदनमा रहेका विषयहरूलाई समीक्षात्मक रूपमा प्रस्तुत गरी सभाध्यक्षज्यूलाई हस्तान्तरण भयो।

ज. न्यायिक समितिका संयोजक श्री कमल कुमारी लिम्बुज्यूद्वारा आ.व. २०८१/०८२ को न्यायिक समितिको वार्षिक प्रतिवेदन पेश गरी सभाध्यक्षज्यूलाई हस्तान्तरण गर्नु भयो।

झ. अन्त्यमा कार्यसूचीको सातौँ नम्बर बमोजिम सभा अध्यक्षज्यूले बैठकमा अनुपस्थित सदस्यहरू श्री गणेश लिम्बू, ममता वि.क. लाक्पा शेर्पा, सोम कुमारी लिम्बू, चन्द्र कला वि.क. विरध्वज लिम्बू र सुमन लिम्बू गरी जम्मा ७ जना सदस्यहरूको नामावली वाचन गरी सभाको १८ औं अधिवेशनको पहिलो बैठक स्थगन भयो।

गाउँसभाको १८ औं हिउँदे अधिवेशनको दोस्रो बैठकको निर्णयहरू

(मितिः २०८२ माघ १८ गते)

बैठक संख्याः ०२ समयः १:०५ बजे

बैठकको कार्यसूचीः

१. बैठक प्रारम्भ, कार्यसूची वाचन,
२. सभाको पहिलो बैठकमा सदस्यहरूले समसामयिक छलफलको क्रममा उठाउनु भएका विषयहरूमा कार्यपालिकाको जवाफ प्रस्तुत,
३. **मैवाखोला गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२,** को प्रतिवेदन सहितको विधेयक उपर सभामा छलफल र स्वीकृतिका लागि प्रस्तुत,
४. **सहकारी सम्बन्धी ऐन, २०७५ संशोधन विधेयक २०८२** को प्रतिवेदन सहितको विधेयक उपर सभामा छलफल र स्वीकृतिका लागि प्रस्तुत,
५. **मैवाखोला गाउँपालिकाको सार्वजनिक-निजी-साझेदारी तथा लगानी विधेयक, २०८२ को प्रतिवेदन सहितको विधेयक उपर सभामा छलफल र स्वीकृतिका लागि प्रस्तुत,**
६. **मैवाखोला गाउँपालिका बेरुजु फर्स्यौट सम्बन्धी कार्यविधि, २०८२, को प्रतिवेदन सहितको कार्यविधि उपर सभामा छलफल र स्वीकृतिका लागि प्रस्तुत,**
७. **अर्थ तथा सार्वजनिक लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२ को प्रतिवेदन सहितको कार्यविधि सभामा छलफल र स्वीकृतिका लागि प्रस्तुत,**
८. **मैवाखोला गाउँपालिकाको आर्थिक ऐन २०८२ को पहिलो संशोधन विधेयकको प्रतिवेदन सहित सभामा छलफल र स्वीकृतिका लागि प्रस्तुत,**
९. **चालु आ.व. २०८२\०८३ मा विभिन्न मितिमा बसेको कार्यपालिकाको बैठकबाट सभामा अनुमोदन हुने गरी गरेको निर्णयहरूलाई अनुमोदनका लागि पेश,**
१०. **अर्थ तथा सार्वजनिक लेखा समितिको पुनर्गठन,**
११. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन Local Government Institutional Capacity Self-Assessment (LISA)को उत्कृष्ट नतिजा ल्याएकोमा धन्यवाद ज्ञापन,
१२. **१८ औं अधिवेशन समापन (मन्तव्य सहित)।**

निर्णयहरुः

१. अध्यक्षज्यू मार्फत् दोस्रो बैठकको कार्यसूची वाचन गरी बैठकको प्रारम्भ भयो।

२. कार्यसूचीको दोस्रो नम्बरमा रहेको सभाको पहिलो बैठकमा सदस्यहरूले समसामयिक छलफलको क्रममा उठाउनु भएका विषयहरूमा कार्यपालिकाको तर्फबाट उपाध्यक्ष श्री कमल कुमारी लिम्बुज्यूद्वारा जवाफ प्रस्तुत गर्नु भयो।

३. **विधायन समितिका सभापति श्री राजुमान लिम्बूद्वारा मैवाखोला गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२,** को विधायन समितिको प्रतिवेदन सहितको विधेयक उपर सभामा छलफल र स्वीकृतिका लगि पेश भई सभामा छलफल गरी उक्त विधेयक सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री केशर लिम्बूज्यूद्वारा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ पारित गरियोस् भन्ने प्रस्तावलाई पारित गर्ने निर्णय गरियो।

४. **विधायन समितिका सभापति श्री राजुमान लिम्बूद्वारा सहकारी सम्बन्धी ऐन, २०७५ पहिलो संशोधन विधेयक २०८२** को प्रतिवेदन सहितको विधेयक उपर सभामा छलफल र स्वीकृतिका लागि पेश भई सभामा छलफल गरी उक्त विधेयक सामाजिक विकास समितिका संयोजक श्री चन्द्र कुमार तामाङ्ज्यूद्वारा सहकारी सम्बन्धी ऐन, २०७५ पहिलो संशोधन विधेयक, २०८२ पारित गरियोस् भन्ने प्रस्तावलाई पारित गर्ने निर्णय गरियो।

५. **विधायन समितिका सभापति श्री राजुमान लिम्बूज्यूद्वारा मैवाखोला गाउँपालिकाको सार्वजनिक-निजी-साझेदारी तथा लगानी विधेयक, २०८२ को प्रतिवेदन सहितको विधेयक उपर सभामा छलफल र स्वीकृतिका लागि** पेश भई सभामा छलफल गरी उक्त विधेयक सामाजिक विकास समितिका संयोजक श्री चन्द्रकुमार तामाङ्ज्यूद्वारा मैवाखोला गाउँपालिकाको सार्व्रजनिक-निजी-साझेदारी तथा लगानी विधेयक, २७८२ पारित गरियोस् भन्ने प्रस्तावलाई पारित गर्ने निर्णय गरियो।

६. विधायन समितिका सभापति श्री राजुमान लिम्बूद्वारा **मैवाखोला गाउँपालिका बेरुजु फर्स्यौट सम्बन्धी कार्यविधि, २०८२, को प्रतिवेदन सहितको कार्यविधि उपर सभामा छलफल र स्वीकृतिका लागि** पेश भई सभामा छलफल गरी उक्त कार्यविधि सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री केशर लिम्बूज्यूद्वारा मैवाखोला गाउँपालिकाको बेरुजु फस्यौट सम्बन्धी कार्यविधि, २०८२ सभामा पारित गरियोस् भन्ने प्रस्तावलाई पारित गर्ने निर्णय गरियो।

७. विधायन समितिका सभापति श्री राजुमान लिम्बूद्वारा अर्थ तथा सार्वजनिक लेखा समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, २०८२ **प्रतिवेदन सहितको कार्यविधि उपर सभामा छलफल र स्वीकृतिका लागि** पेश भई सभामा छलफल गरी उक्त कार्यविधि सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री केशर लिम्बूज्यूद्वारा अर्थ तथा सार्वजनिक लेखा समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, २०८२ सभामा पारित गरियोस् भन्ने प्रस्तावलाई पारित गर्ने निर्णय गरियो।

८. विधायन समितिका सभापति श्री राजुमान लिम्बूद्वारा मैवाखोला गाउँपालिकाको आर्थिक ऐन, २०८२ संशोधन विधेयक प्रतिवेदन सहितको विधेयक उपर सभामा छलफल र स्वीकृतिका लागि पेश भई उक्त विधेयक उपर सभामा छलफल गरी राजस्व परामर्श समितिका संयोजक श्री कमल कुमारी लिम्बुज्यूद्वारा मैवाखोला गाउँपालिकाको आर्थिक ऐन, २०८२ संशोधन विधेयक सभामा पारित गरियोस् भन्ने प्रस्तावलाई पारित गर्ने निर्णय गरियो।

९. कार्यसूचीको नवौं नम्बरमा रहेको चालु आ.व. २०८२\०८३ मा विभिन्न मितिमा बसेको कार्यपालिकाको बैठकबाट सभामा अनुमोदन गर्ने गरी गरेको निर्णयहरूलाई सभामा अध्यक्षज्यू मार्फत् प्रस्तुत भई सर्व-सम्मतले अनुमोदन भयो।

१०. कार्यसूचीको १० औं नम्बरमा रहेको अर्थ तथा सार्वजनिक लेखा समितिको पुनर्गठन सम्बन्धमा सभामा छलफल भई तपशीलका सदस्यहरू रहने गरी सर्व सम्मतले पुनर्गठन गरियो।

तपशील

क) चन्द्रमान लिम्बू संयोजक

ख) रामकुमार लिम्बू सदस्य

ग) सरस्वता धमला सदस्य

११. कार्यसूचीको ११ औँ नम्बरमा रहेको आ.व. २०८१/८२ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन Local Government Institutional Capacity Self-Assessment (LISA) मा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मूल्याङ्कनले कोशी प्रदेश अन्तर्गत ताप्लेजुङ जिल्ला भरीमा मैवाखोला गाउँपालिका ९३ प्रतिशत अङ्क प्राप्त गरी जिल्लाकै उत्कृष्ट स्थानीय तह भएकोले सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारी परिवारप्रति बधाई तथा धन्यवाद ज्ञापन गरियो।

१२. अन्त्यमा कार्यसूचीको १२ औँ नम्बर बमोजिम सभा अध्यक्षज्यूले बैठकमा अनुपस्थित सदस्यहरू श्री गणेश लिम्बू, लाक्पा शेर्पा, सोम कुमारी लिम्बू, चन्द्र कला वि.क. र सुमन लिम्बू गरी जम्मा ५ जना सदस्यहरूको नामावली वाचन गरी सभाको १८ औँ अधिवेशनको दोस्रो बैठकको अन्त्यसँगै समापन मन्तव्य सहित १८ औँ हिउँदे अधिवेशन समापन भयो।